# उषाकिरण

एभरेस्ट नेपाली लेखन मञ्चको प्रकाशन



EVEREST ENGLISH SCHOOL
ESTD. 1983
BHAKTAPUR

फागुन १५, २०७८ | अङ्क १

# ३००औँ पृथ्वी जयन्ती

अङ्गना गुरागाईं - ९ 'जनक'



*तस्विर: thehimalayantimes.com*

पृथ्वीनारायण शाहको ३०० औँ जन्म जयन्तीका रूपमा जनवरी ११, २०२२ तारिक (२०७८ साल पुस २७ गते) मा देशभर मनाइएको छ । पृथ्वीनारायण शाह नेपाल राज्य एकीकरण भएपछिको पहिलो राजाका रुपमा चिनिएका छन् र श्री ५ महाराजाधिराजका रूपमा देशभर प्रख्यात छन् । उनले साना-साना राज्यलाई एकीकृत गरेर एउटा सिङ्गो राष्ट्र बनाएका थिए ।

पृथ्वीनारायण शाहको जन्म जनवरी ११, १७२३ (वि.सं. १७७९ पुस २७ गते) भएको थियो । उनी नरभूपाल शाहका चार श्रीमतीमध्ये दोस्रो श्रीमती कौशल्यावती देवीका पहिलो सन्तान थिए । उनी वि.सं १७८९ मा पढाइका लागि भक्तपुर गए । त्यतिखेर उनी १० वर्षका थिए। पढाइ सकेर गोरखा फर्किने क्रममा उनले चन्द्रागिरिबाट काठमाडौँ उपत्यकाको अत्यन्त सुन्दर र समृद्ध झलक देखेर त्यस राज्यको राजा बन्ने इच्छा उनको मनमा जाग्यो। यसरी देश एकीकृत गर्ने विचार उनमा आयो । वि.सं १७९९ मा राजा नरभूपाल शाहको निधन पछि २० वर्षको उमेरमा उनी गोरखा राज्यका राजा बनेका थिए । राजा बनेपछि उनले नुवाकोटलाई आफ्नो राज्यमा गाभ्ने सपना पूरा गर्ने निधो गरे । काठमाडौँ नुवाकोट माथि व्यापारका लागि निर्भर भएकाले आक्रमण गरे । नुवाकोट धेरै अग्लो स्थानमा भएकाले उच्च उचाइका दरबारहरूको फाइदा उठाउँदै शत्रुहरूको गतिविधि अवलोकन गर्न र विभिन्न किल्लाहरू बनाउन उपयोगी हुन सक्छ भनेर पनि नुवाकोट माथि आक्रमण गर्ने योजना बनाएका थिए। यति मात्र नभएर तिब्बतसँग नुवाकोट छोटो बाटोले जोडिएको हुनाले र नुवाकोट एक शक्तिशाली राज्य भएकाले पनि पृथ्वीनारायण शाहले नुवाकोटमा आक्रमण गर्ने निधो गरे । यति धेरै फाइदाहरू देखेर नुवाकोट माथि आक्रमण गर्ने निधो गरेपछि उनले वि.सं १८०० मा गोर्खा सैनिकसँग नुवाकोट माथि आक्रमण गरे तर पर्याप्त तयारी, पूर्व योजना, नुवाकोटको भौगोलिक ज्ञानको अभाव तथा छिटो निर्णय लिएको र नुवाकोटले कान्तिपुरको पूर्ण समर्थन पाएको कारणले पृथ्वीनारायण शाह नुवाकोटसँगको पहिलो युद्धमा पराजित भएका थिए । यी कुरालाई ध्यानमा राख्दै नुवाकोटसँगको पहिलो पराजयबाट हरेस नखाई उनले बनारस गई हात हतियारहरू र बन्दुकहरू सङ्कलन गरे साथ-साथै कालु पाण्डेलाई काजी र सेनाको सेनापति बनाए।



*तस्विर: commons.wikimedia.org*

पृथ्वीनारायण शाहले लम्जुङ, तनहुँ र पाल्पासँग पनि राम्रो र मैत्रीपूर्ण सम्बन्ध निर्माण गरे । उनले भक्तपुरसँग सन्धिसमेत गरेका थिए, जुन सन्धिमा भक्तपुरले , गोरखाले कान्तिपुर माथि आक्रमण गर्दा युद्धका बेला कुनै पनि राज्यलाई सहयोग गर्न नपाउने र लडाइँको बेला हस्तक्षेप पनि नगर्ने भनिएको थियो । पृथ्वीनारायण शाहले १२ वर्षदेखि २० वर्षसम्मका युवालाई युद्धमा समावेश गराए र सेनाको सङ्ख्या १००० बनाए । बिसे नगर्चीको सल्लाहअनुसार गोर्खाको आर्थिक अवस्था बलियो बनाउन पृथ्वीनारायण शाहले गोरखाका नागरिकसँग एक एक रुपैयाँ सङ्कलन गरे । कालु पण्डेले गोप्य चिट्ठीमा जयन्त राणालाई भेट गरेर गोरखाको सेनामै मिल्न भनेर खबर पठाए । नरभूपाल शाह राजा हुँदा नुवाकोट माथि आक्रमण गर्दा जयन्त राणा गोर्खाली सेनाका सेनापति थिए र वि.सं १७९४ मा नुवाकोट माथि आक्रमण गर्दा पराजित भएका थिए र पराजयको दोष जयन्त राणालाई लगाइएको थियो र त्यसपछि उनी गोर्खाली सेना छोडी कान्तिपुरको समर्थन गरे र पछि उनी नुवाकोटको राज्यपालका रुपमा नियुक्त भएका थिए।

जयन्त राणाले राजा जयप्रकाश मल्ललाई गोरखाले आक्रमण गर्न सक्छन् भनेर हात हतियारको माग गरे तर ईन्द्रजात्राको चहलपहलले गर्दा जयप्रकाश मल्लले बेवास्ता गरे र रातिको बेला पृथ्वीनारायण शाह, दलमर्दन शाह, चौतरिया विष्णु शाह, काजी शुरप्रताप आदिले नुवाकोटलाई एकैपल्ट घेरा हाली आक्रमण गरे र नुवाकोटलाई पृथ्वीनारायण शाहले आफ्नो अधिनमा बनाउन सफल भए। नुवाकोटको पराजयपछि नुवाकोटका सिपाहीहरू भागेर बेलकोटमा गएर बसे र यो कुरा पृथ्वीनारायण शाहले थाहा पाएपछि तिनीहरूलाई पक्राउ गरी लिएर आए ।

वि.सं १८११ मा पृथ्वीनारायण शाहले काभ्रेमा आक्रमण गरे। पृथ्वीनारायण शाह, लगातार विजयी भएकाले उनी निकै उत्साहित भएका थिए र कालु पाण्डेको सुझावलाई बेवास्ता गर्दै कीर्तिपुरमा छिटै आक्रमण गर्ने निधो गरे र वि.सं १८१४ मा उनले १२०० सैनिकसहित कीर्तिपुरमा आक्रमण गरे। गोर्खापट्टि १२०० सैनिक र कीर्तिपुरपट्टि ३०० सैनिक थिए तर जयप्रकाश मल्लले कीर्तिपुरमा संयुक्त सेनाको आयोजना गर्दै कान्तिपुर, भक्तपुर र ललितपुरका सेना सहित आफ्नो सङ्ख्या ४००० सैनिक बनाए र स्थानीय जनताहरू पनि आफ्नो राज्यको रक्षा गर्न गोर्खाली सैनिकसँग भिडे । तर गोर्खा सैनिक पराजित भए । पृथ्वीनारायण शाहले आफू पराजित भएको कारण पत्ता लगाए र उनले उपत्यकाको वरिपरिको भूभाग जितेर कीर्तिपुरमा आर्थिक नाकाबन्दी गर्ने निर्णय गरे । राज्य र बाहिरबाट नुन, तेल, लत्ताकपडा आदि आवश्यक सामान आपूर्तिमा रोक लगाउने विचार गरे र यस्तो अवस्थाका कारण काठमाडौं उपत्यकामा दैनिक आवश्यकताको सङ्कट पर्छ र विजय हासिल गर्न सजिलो हुन्छ भनेर पृथ्वीनारायण शाहले मकवानपुर जित्ने योजना बनाए । पृथ्वीनारायण शाहले कीर्तिपुरको राज्यमा पूर्ण नाकाबन्दीका लागि मकवानपुरलाई जित्न आवश्यक छ भनेर मकवानपुरलाई आफ्नो अधिनमा पार्न खोजेका थिए।

वि.सं १८१६ मा शिवपुरी र काभ्रे माथि विजय हासिल गरे र वि.सं १८१९ को भाद्र महिनामा उनले मकवानपुरमा आक्रमण गरे। मकवानपुर पृथ्वीनारायण शाहको ससुराली पनि थियो र युद्ध छेडेपछि गोर्खाली सैनिकले मकवानपुरलाई आफ्नो अधिनमा पार्न सफल भए । वि.सं १८२१ मा कीर्तिपुरमा दोस्रो आक्रमण गरे । यस पटक गोर्खाली सेना र पृथ्वीनारायण शाहले राम्रो तयारी गरेका थिए, कीर्तिपुरका जनताहरू माथि आर्थिक सङ्कट पनि थियो र यसपाली भक्तपुर र पाटनले पनि समर्थन गरेका थिएनन् तैपनि कीर्तिपुरले विजय हासिल गर्न सफल भयो । तेस्रो पटक पराजित भए पनि हरेस नखाइ वि.सं. १८२२ मा हर्ष पन्तको नेतृत्वमा पृथ्वीनारायण शाहले पाँगा र चोभारबाट कीर्तिपुरलाई वरिपरि घेरे । आर्थिक अवस्था त जटिल नै थियो त्यही माथि पृथ्वीनारायण शाहले कीर्तिपुरको जलस्रोत पनि बन्द गरिदिए । यसरी जलस्रोत नै बन्द गरेपछि कीर्तिपुरमा दैनिक जीवन चलाउनै धौ- धौ पर्न थालिसकेको थियो।त्यसैले वि.स. १८२२ को चैत्रको महिनामा कीर्तिपुरेले आत्मसमर्पण गरे र कीर्तिपुर गोर्खा राज्यको अधिनमा आयो ।

वि.सं १८२४ मा पराजित भएका जयप्रकाश मल्लले इस्ट इण्डिया कम्पनीसँग हात मिलाए र गोरखा सैनिक माथि आक्रमण गरे । गोरखा सेनासँग खुकुरी,धनुष, खुँडा र साधारण बन्दुक मात्र थिए र तिनीहरूको सहयताले इस्ट इन्डिया कम्पनीसँग भिडे र विजय हासिल गरे । वि.सं १८२५ मा आश्विन २५ गते ललितपुरमा आक्रमण गरेर जित हासिल गरे । कान्तिपुरको वरिपरिका सबै राज्यमा जित हासिल गरेपछि पृथ्वीनारायण शाहले राजा बन्नुभन्दा पहिलेदेखिको कान्तिपुरलाई आफ्नो अधिनमा पार्ने इच्छा वि.सं १८२६ कार्तिक २८ गते पूरा गरे । कीर्तिपुर र नुवाकोटलाई आफ्नो अधिनमा पारेपछि कान्तिपुरलाई आफ्नो अधिनमा पार्ने बाटो सफा थियो । उनले कान्तिपुरलाई तीनतिरबाट घेरे र आफ्नो अधिनमा पारे । कान्तिपुरका राजा जयप्रकाश मल्ल शरण लिनका लागि भक्तपुर भागे। भक्तपुरमा शुरप्रताप शाह, वंशराज गुरुङ, रामकृष्ण कुँवर र केहरसिंह बस्नेत मिलेर कार्तिक २८ मा आक्रमण गरे र वि.स. १८२६ मङ्सिर १ गते २३ घण्टाको भीषण युद्धपछि भक्तपुरलाई आफ्नो अधिन बनाउन सफल भए । वि.सं १८२६ कार्तिक ३० गते पृथ्वीनारायण शाह नेपाल अधिराज्यको महाराजाधिराजका रुपमा स्थापित भए।

उनले वि.सं १८२८ मा चौबिसे राज्यलाई आफ्नो अधिनमा पारे। पृथ्वीनारायण शाहले शाह वंशलाई नेपालको राजवंशमा रुपान्तरण गरे । श्री ५ महाराजधिराज पृथ्वीनारायण शाह वि.सं. १८३३ माघ १ गते सिकार गर्न जाँदा बाघको आक्रमणमा परी घाइते भएको र त्यही चोटका कारण माघ १ गते बिहान सात बजे उनको मृत्यु भएको कुरा जानकारीमा छ । पृथ्वीनारायण शाहले कुनै पनि राज्यमा हमला गर्दा पराजित भएपनि हरेस नखाई र हिम्मत नहारी एक साहसी तथा कुशल राजाका रूपमा युद्ध गरेका थिए । हामीले उनको जीवनबाट पराजित भएपनि हरेस नखाई अघि बढ्नुपर्छ भनेर सिक्न सक्छौँ। नेपालमा पुस २७ गते पृथ्वी जयन्तीको अवसरमा विभिन्न कार्यक्रमहरू आयोजना गरिन्छ र पृथ्वी जयन्तीका दिन राष्ट्रिय एकता दिवस पनि मनाइने गरिन्छ।

***"मेरा साना दुःखले आर्ज्याको मुलुक होइन, यो चार जात छत्तिस वर्णको साझा फूलबारी हो, सबैलाई चेतना भया"*** भन्ने श्री ५ महाधिराजाधिराज पृथ्वीनारायण शाहको विचार थियो।

# ओमिक्रोन


## सजिना न्याइच्याईं- ९ 'जनक'

ओमिक्रोन भेरियन्ट SARS-CoV-2 को एक प्रकारको भाइरस हो, जसले COVID-19 निम्त्याउँछ। यसको बारेमा पहिलो पटक २४ नोभेम्बर २०२१ मा दक्षिण अफ्रिकाबाट विश्व स्वास्थ्य संगठन (WHO) लाई रिपोर्ट गरिएको थियो। २६ नोभेम्बर २०२१ मा, WHO ले यसलाई चिन्ताको रूपमा लिँदै महामारीको एक प्रकार भनी तोक्यो र यसलाई `ओमिक्रोन´ नाम दियो ।

**ओमिक्रोनका लक्षणहरू:**
विश्वस्वास्थ्य सङ्गठनले अझै पनि मानिसहरूले कोभिडका आधारभूत लक्षणहरू जस्तै: निरन्तरको खोकी, ज्वरो, स्वाद वा गन्ध परिवर्तन हुने वा हराउनेतिर ध्यान दिनुपर्ने बताएको छ।

यूकेको तथ्याङ्कअनुसार अहिलेसम्म ओमिक्रोन भेरिअन्टका प्रमुख पाँच लक्षण यस्ता छन्:

- नाकबाट पानी बग्ने,
- टाउको दुख्ने,
- शरीर गल्ने,
- हाच्छिउँ आउने,
- घाँटी दुख्ने,



*तस्विर: lshtm.ac.uk*

ओमिक्रोन भेरियन्टले खोकी, ज्वरो र थकान लगायतका लक्षणहरू निम्त्याउँछ। ओमिक्रोन भएका थोरै मानिसहरूले स्वाद र गन्ध गुमाउने अनुभव पनि गरिरहेका छन्।

यो नयाँ भेरियन्ट अघिल्लो भेरियन्टको तुलनामा धेरै सङ्क्रामक छ, जसले गर्दा धेरै देशहरूमा रोगीको सङ्ख्यामा वृद्धि भएको छ। ओमिक्रोन सम्भवतः मूल COVID-19 भाइरसभन्दा धेरै सजिलो गरी फैलिन्छ। यो डेल्टा भेरियन्टको तुलनामा धेरै सङ्क्रामक देखिन्छ। ओमिक्रोन भेरियन्ट पहिलाका भेरियन्टको तुलनामा आठ गुणा बढी फैलिन्छ। ओमिक्रोन हामीमध्ये धेरैलाई साधारण जस्तो लाग्न सक्छ, तर यसले दैनिक जीवनमा बाधा पुऱ्याउने दीर्घकालीन लक्षणहरू निम्त्याउन सक्छ।

**ओमिक्रोन संक्रमणबाट कसरी सुरक्षित हुने?**
ओमिक्रोनबाट सुरक्षित हुन, हामीले गर्न सक्ने सबैभन्दा महत्त्वपूर्ण कुरा भनेकै भाइरसको जोखिमलाई कम गर्नु हो।

ओमिक्रोनबाट सुरक्षित हुन हामीले निम्न कुराहरू गर्नुपर्छ:

- सबै भन्दा पहिले तपाईं खोप लगाउनुहोस्। WHO द्वारा स्वीकृत खोपहरू सुरक्षित र प्रभावकारी छन्। खोपहरू गम्भीर अवस्थामा पुऱ्याउन, अस्पताल भर्ना र मृत्यु दरलाई रोक्न धेरै प्रभावकारी हुन्छन्।
- आफ्नो नाक र मुख छोप्ने गरी मास्क लगाउनुहोस्। आफ्नो मास्क लगाउँदा र हटाउँदा तपाईंको हातहरू सफा छन् कि छैनन् भनी सुनिश्चित गर्नुहोस्।
- अरुबाट कम्तिमा २ मिटरको भौतिक दुरी कायम राख्नुहोस्।
- कम हावा चल्ने वा भिडभाड भएको ठाउँबाट टाढा रहनुहोस्।
- घर भित्रका भेन्टिलेसन सुधार गर्नुहोस् र झ्यालहरू खोल्नुहोस्।
- नियमित रूपमा आफ्नो हात धुनुहोस्। आफ्नो साथमा सेनिटाइजर बोक्नुहोस् र बारम्बार प्रयोग गर्नुहोस्।


# देशभक्ति

## तृषा कोइराला- ८ 'पारिजात'

*"जननी जन्म भूमिश्च स्वर्गादपि गरियसि"*

'देशभक्ति' भन्ने शब्दले आफू जन्मेको देश र त्यस देशका जनताप्रति हृदयको अटल गहिराइदेखि गरिने अमित आस्था, सम्मान वा पूजा भावलाई प्रकट गर्दछ। देशभक्ति भन्नासाथ आफ्नो भूभाग र त्यस भूभागमा बसोबास गर्ने जनसमुदाय, ती जनसमुदायका संस्कृति, भाषा र परम्पराप्रतिको भक्ति भन्ने पनि बुझिन्छ। देशभक्ति निस्वार्थ र उच्च भावना हो। सच्चा देशभक्तले देशबाट कुनै कुराको अपेक्षा राख्दैन; निस्वार्थ रुपमा नै देशनिर्माणको महायज्ञमा आहुति दिन चाहन्छ। 'म' भन्ने

सङ्कीर्ण भावानाबाट माथि उठेर हामी भन्ने दृष्टिकोण अङ्गाल्दै एउटा देशभक्तले देशका लागि बलिदान दिन चाहन्छ; अमरत्वको बाटो पहिल्याउन चाहन्छ। जिसस क्राइस्ट भन्नुहुन्छ- "*जसले आफ्नो जीवनलाई बलि दिन्छ उही अमर बन्दछ* ।" हो, आफ्नो समाज र देशको लागि लड्ने र लड्दा-लड्दै मर्ने देशभक्तिले भरिएको वीरपुरुष बाँचेर मर्न होइन मरेर बाँच्न चाहन्छ। देशभक्तिको माया प्रीति अत्यन्तै सङ्लो, स्वच्छ र पवित्र हुन्छ। त्यसैले त हरेक देशभक्तले सङ्कट परेका बेला आत्मदान दिएर पनि देशको जगेर्ना गर्न चाहन्छ।




***तस्विर:* istockphoto.com**

देशको माटाको रक्षाका लागि मात्र होइन देशबासीका प्रजातान्त्रिक हक र अधिकारको प्राप्तिका मार्गमा लाग्दा कयौँ सपुतहरूले विश्वमै हाँसी-हाँसी फासीको माला वरण गरेका छन्; तर देशको अस्मिता हरण हुन दिएका छैनन्। नेपालको गौरवमय इतिहासका पत्र-पत्र पल्टाउँदा हामी माटाका लागि लड्ने देशभक्तिले सत्तरी वर्षे भक्ति थापाको वीरतापूर्ण गाथा पढ्न पाएका छौँ। हामीले नालापानीको किल्लामा अद्भुत बल प्रदर्शन गर्ने वीर बलभद्रको कथा पढ्न पाएका छौँ। हामी राणाकालीन निरङ्कुशताका विरुद्ध प्रजातन्त्रको स्थापनातिर आत्मबलिदान दिने वीर शहिदहरू दशरथ चन्द, धर्मभक्त, गंगालाल र शुक्रराज जस्ता अमर विभूतिहरूका त्याग र समर्पण हेर्न पाएका छौँ। यसरी देशको भूगोलको रक्षाका लागि होस् वा गणतन्त्रको स्थापनाका लागि होस् आफूलाई निस्वार्थ भावले देशको हितमा सङ्लग्न गराउने उदात्त भावना पनि देशभक्ति नै हो।

देशभक्ति सिद्धान्त होइन व्यवहार हो; आदर्श होइन यथार्थ हो र कृत्रिम विचार होइन सहज भावना हो। देशभक्ति त त्यस्तो सहज भावना हो जुन जन्मनासाथ हरेक व्यक्तिका नसा-नसामा रगतसँगै बगिरहेको हुन्छ। देशभक्ति भनेको त्यस देशका कला, संस्कृति, भाषा र सम्पदाप्रतिको माया र ममता पनि हो । कुरा र भाषणले मात्र देशभक्ति उद्घाटित हुँदैन। आफ्नो देशको समुन्नतिका लागि आफ्नो श्रम, सिप र परिश्रम खन्याउनु नै देशभक्ति हो । देशभक्ति एक विशुद्ध र पवित्र भावना हो। देशभक्तिको सङ्लो भावसुत्रबाट मात्रै तमाम जनसमुदायमा राष्ट्रिय एकताको भावलाई समृद्ध पार्न सकिन्छ, माटोलाई जोगाउन सकिन्छ, मुटुलाई माया गर्न सकिन्छ। त्यसैले त देशको महिमाको बखानको तुलना आमाको ममतासँग गर्दै यो उक्ति अघि सर्ने गरेको पाइन्छ: "*जननी जन्मभूमिश्च स्वर्गादपि गरियसि* ।"

# नेपाली क्रिकेटमा चलिरहेको राजनीतिक विवाद

**प्रशान्त तिम्सिना - ९ 'अरनिको'**




***तस्विर:* myrepublica.nagariknetwork.com**

नेपाली टोलीले आफ्नो पछिल्लो खेल १९ सेप्टेम्बर २०२१ मा खेलेको थियो । त्यस खेलपछि नेपालका मुख्य प्रशिक्षक डेभ वाट्मोरले आफ्नो पदबाट राजीनामा दिए । त्यसपछि लामो अन्तरालसम्म पनि नेपालले कुनै अन्तर्राष्ट्रिय खेल खेलेको थिएन भने नेपालसँग हालै प्रतिस्पर्धा गरेका राष्ट्रको भने लगातार आगामी खेलहरूको सूची तयार थियो ।

लगभग दुई महिनासम्म पनि नेपाल क्रिकेट सङ्घबाट कुनै सूचना नआएपश्चात सामाजिक सञ्जालमा रहेका नेपाली क्रिकेट समर्थकले क्यानलाई केही निर्णय लिनका निम्ति सचेत गराउँदै #WakeUpCan को नारा लगाउन थाले किनभने २०२२को विश्वकप छनोट मुखैमा आइपुग्दा सम्म पनि कुनै प्रकारको प्रशिक्षणको व्यवस्था र मुख्य प्रशिक्षक नभएको समर्थकहरूको भनाइ थियो। यसैबीच नेपाली क्रिकेट टोलीका कप्तान ज्ञानेन्द्र मल्लसहित सोमपाल कामी, कमल सिंह ऐरी र दीपेन्द्र सिंह ऐरीले क्यानले कुनै निर्णय नलिएकाले खेलाडीहरूले आफ्नो प्रदर्शन गुमाउने दाबी गर्दै क्यान विरुद्ध आपत्ति जनाए। यी खेलाडीले आपत्ति जनाएपछि क्यानले यी खेलाडीप्रति कारबाही गर्ने निर्णय गऱ्यो ।

निर्णय लिएपछि नै सामाजिक सञ्जालमा यी खेलाडीको पक्षमा धेरै समर्थक जोडिए र क्यानलाई यस्तो नगर्न सुझाव समेत दिए । तर खेलाडीले यतिका साथ र सहयोग पाए तापनि क्यानले १५ डिसेम्बरमा केही निर्णय लियो; कप्तान


ज्ञानेन्द्र मल्ल र उपकप्तान दिपेन्द्र सिंह ऐरीलाई उहाँहरू को पदबाट पदमुक्त गरिने, नेपाली क्रिकेटका कप्तानका रुपमा सन्दीप लामिछानेलाई नियुक्ति गरिने ज्ञानेन्द्र मल्ल,सोमपाल कामी, कमल सिंह ऐरी र दिपेन्द्र सिंह ऐरीलाई क्यानको निर्णय उलङ्घन गरेकाले २०२२ को पहिलो ६ महिनाका लागि कन्ट्राक्ट सूचीमा नराखिने। यी निर्णय लिएपछि क्यानको सामाजिक सञ्जालमा धेरै आलोचना हुन थाल्यो । धेरै राष्ट्रिय खेलाडीहरूले आफ्नो सामाजिक सञ्जालमा क्यानको यो निर्णय गरेको फोटो स्क्रिनसट गरेर क्याप्सनमा I am done now भन्दै पोष्ट गरे । यस निर्णयका साथै आपसका खेलाडीसँग पनि सम्बन्ध बिग्रन पुग्यो ।

यहाँसम्म आइपुग्दा नेपाली क्रिकेटको सन्तुलन बिग्रिएको थियो। यसका साथै केही दिनपछि क्यानले नेपाली टोलीका मुख्य प्रशिक्षकका रुपमा नेपाली टोलीलाई विश्वकपसम्म पुऱ्याउने प्रशिक्षक पुबुदु दासानायकेलाई नियुक्त गऱ्यो । यसका साथै नेपाली टोलीको खराब अवस्थामा केही राहत मिल्यो ।

## नेपाली राजनीति र पुस्तान्तरण

**अनुपम भट्टराई - १० 'ताजमहल'**

पछिल्ला केही महिनामा देशका तीन प्रमुख राजनीतिक दलको नेपाल कम्युनिष्ट पार्टी (एमाले) , नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी (माओवादी-केन्द्र) को राष्ट्रिय महाधिवेशन सम्पन्न भएको थियो। हरेक पार्टीको महाधिवेशनमा साझा प्रश्न पुस्तान्तरण बारे उठेको थियो । सामान्यतया हामी पुस्तान्तरणलाई पुरानो पुस्ताबाट नयाँ पुस्तामा जाने भनेर परिभाषित गर्न सक्छौं । नेपालको राजनीतिमा यो विषय उठेको यो पहिलो पटक भने होइन । तर यो विषय आजको पुस्ताको लागि अझै असामान्य छ।




*तस्विर: myrepublica.nagariknetwork.com*

लामो समयदेखि नेपालको राजनीतिमा एउटै पुरानो विचारधारा भएका पुराना मानिसहरूको शासन चलिरहेको छ। देशमा बारम्बार राजनीतिक परिवर्तन भइरहन्छ, तर जहिले पनि उही पुराना अनुहार देख्नुपर्छ । यही कारणले नेपालको विकास र नेपालको राजनीति उल्टो दिशामा गइरहेको छ । हामी नेपाली राजनीतिक नेतृत्वमा बुढ्यौलीपन लागेको छ पनि भन्न सक्छौं । आजका अधिकांश नेताहरू आत्मकेन्द्रित छन् । त्यसैले यी पुराना नेताहरूलाई लामो समयसम्म देशमा शासन गर्न दिनु राम्रो हुँदैन । यो राष्ट्र र जनताको हित विरुद्ध हुनेछ।


देशको विकासका लागि नयाँ सोच र नयाँ धारणा चाहिन्छ। यो युवा दिमागमा निहित छ । युवालाई समावेश नगरी देशले विकासको योजना मात्र बनाउन सक्छ तर सही विकास हुन सक्दैन। युवाहरूले सोच्ने र आफ्नो दृष्टिकोणलाई कार्यान्वयन गर्ने तरिका वृद्ध मानिसहरूको भन्दा फरक छ । युवाहरू बढी दक्ष र लगनशील छन् । युवा पुस्तासँग परिपक्क निर्णय गर्ने क्षमता हुन्छ । पश्चिमी देशहरूले राजनीतिमा युवाहरूको महत्त्व बुझे र धेरै पहिले नै आफ्नो राजनीतिमा सुधार गरे । त्यसकारण तिनीहरू विकसित छन् र हामी अझै पछाडि छौँ । संसारमा धेरै परिवर्तन भएको छ । मानिसको आकाङ्क्षा, सोच र क्षमता पनि फेरिएको छ । त्यसैले पुराना नेताहरूको विचारधारा अनुसार काम गर्न सम्भव छैन । अब युवाहरूले आफ्नो विवेकलाई राजनीतिमा प्रयोग गर्ने बेला आएको छ । युवालाई कार्यकर्तामा मात्र सीमित राख्नु हुँदैन । अब उनीहरू मूलधारको राजनीतिमा लाग्नुपर्छ । इतिहासको पाना पल्टाएर हेर्दा पनि देशमा भएका हरेक ठूला घटनामा युवाहरूको सहभागिता रहेको थियो । तर आज युवाहरूलाई महत्त्वपूर्ण निर्णय प्रक्रियामा समावेश गरिएको छैन।

युवाहरू सक्रिय भएर राजनीति गरी देशको हितमा लाग्नुपर्छ । यसका लागि युवालाई राजनीतिमा लाग्ने र उत्साहित बनाउने वातावरण विकास गर्नुपर्छ । युवाहरू नीति निर्माणमा सहभागी हुन सक्ने वातावरण सिर्जना गर्नुपर्छ। युवाहरूलाई राजनीतिमा उनीहरूको सहभागिताको महत्त्वबारे सचेत गराउनुपर्छ । ऱ्यापर बलेन शाहले काठमाडौंको मेयरमा उम्मेदवारी दिने कुरा हामी सबैले सुनेका छौँ । मिस नेपाल शृङ्खलाले आफू नेपालको पहिलो महिला प्रधानमन्त्री बन्न चाहेको बताएकी छन् । यसैगरी देशका हरेक युवाले राजनीतिमा रुचि देखाउने हो भने निकट भविष्यमा नै पुस्तान्तरण सम्भव हुनेछ ।
त्यसैले पुस्तान्तरणको अवधारणा बुझ्नु हामी युवाको कर्तव्य हो । पुस्तान्तरण भोलि नै सम्भव हुन नसक्ला, तर बिस्तारै परिवर्तन सम्भव छ । अबको केही वर्षमा हामीले नेपालको राजनीतिमा परिवर्तन देख्नेछौँ । हुनसक्छ अब युवा सहभागितामा केन्द्रित हुनेछन् र पुस्तान्तरण हासिल गरिनेछ ।

# पुस्तक समीक्षा: चिना हराएको मान्छे

**उत्कृष्ट पराजुली - ९ 'बुद्ध'**

पुस्तकको शीर्षक: *चिना हराएको मान्छे*
लेखक: *हरिवंश आचार्य*
प्रकाशित मिति: *"Fineprint" द्वारा अप्रिल २०१३ मा*
भाषा: *नेपाली*
विधा: *आत्मकथा*
मूल्य: *चार सय पचास (४५०)*




*तस्विर: en.wikipedia.org*

### लेखकको परिचय

हरिवंश आचार्य नाम नै एउटा महत्वपूर्ण परिचय हो । संसारमा विरलै कोही नेपाली होलान्, जसलाई उनका बारेमा थाहा नभएको होला। रङ्गमञ्च र पर्दाका माध्यमबाट त उनलाई प्रायः सबैले देखेका र चिनेका छन्। उनी असल र महान् कलाकार मात्र होइनन्, बेला-बेलामा भएका महत्वपूर्ण राजनीतिक तथा सामाजिक परिवर्तनका अभियन्ता पनि हुन् । यस्ता बहुआयामिक व्यक्तित्वको जीवन कस्तो छ ? अभिनय गरेर अरुलाई पेट मिचीमिची हँसाउने र धरधरी रुवाउन पनि सक्ने यी महान् कलाकार आफ्नो वास्तविक जीवनमा कति हाँसेका छन् र कति रोएका छन् त ? यस्ता अनेक प्रसङ्गहरूको बेलीबिस्तार 'चिना हराएको मान्छे' पुस्तकमा छन् । यो पुस्तक पढेपछि हामी उनलाई आफ्नो सबैभन्दा नजिकको आफन्तलाई झैँ चिन्नेछौँ।

### यस उपन्यासमा हामीले के सिक्छौँ?

'चिना हराएको मान्छे' नामक पुस्तकमा हरिवंश आचार्यले वर्तमान स्थितिमा पुग्नका लागि गरेको सङ्घर्ष, उनले भोगेका सुख–दुःखपूर्ण अवस्था र त्यस्ता परिस्थितिमा हिँडेको बाटोको बारेमा प्रकाश पारेका छन् । के हरिवंशको जीवन आनन्द र उत्साहले भरिएको छ ? जसले अरूलाई हँसाउने गर्छन् ? हामीले यस प्रश्नको सही जवाफ पाउन सक्छौँ र उहाँको जीवनका अध्यायहरूबाट धेरै कुरा सिक्न सक्छौँ। वास्तवमा 'चिना हराएको मान्छे' हरिवंश आचार्यको एउटा कम्प्याक्ट प्याकेज हो जसले हामीलाई अहिलेसम्म सिकेको डिग्री बराबरको ज्ञान दिन्छ।

### कथा

हरिवंश आचार्यको जन्म ५० वर्षअघि काठमाडौँ उपत्यकामा मध्यमवर्गीय परिवारमा भएको थियो । उनले आफ्नो प्रारम्भिक बाल्यकालमा आमाबाबु गुमाए र आफ्ना बहिनीहरूसँग बस्थे । आफ्नो विद्यालयको शैक्षिक प्रदर्शन राम्रो नभए पनि अरूलाई हँसाउने असाधारण क्षमता उनले जम्मा गरेका थिए । लगातार तीन वर्षसम्म एसएलसी पास गर्न नसकेपछि उनले आफ्नो क्षमतामा काम गर्न थाले । उनी अस्थायी रूपमा नेपाली रंगमञ्चमा आबद्ध भए र पैसा कमाउन रङ्गमञ्चमा अभिनय गरे । उनलाई यो धेरै मन पर्यो किनकि उनले आफ्नो क्षमताले कमाएका थिए । योसँगै उनले राष्ट्रिय नाँचघरबाट लगातार तीन वर्ष उत्कृष्ट प्रदर्शनको पुरस्कार जितेका छन् । यसै क्रममा उनले अर्को असाधारण साथी मदनकृष्ण श्रेष्ठसँग भेट्ने मौका पाए र सँगै काम गर्न थाले । उनीहरूले मह सञ्चार नामको संस्था स्थापना गरे, जहाँबाट उनीहरूले विभिन्न टेलिफिल्म, वृत्तचित्र र स्टेज शोहरू निर्माण गरे।

पञ्चायत शासनकालमा महजोडीले देशभित्र र देशबाहिर विभिन्न चरणमा नेपाली जनताको सहारा लिएर बोल्ने गर्दथे। विभिन्न राजनीतिक क्षणहरूमा उनीहरूको भूमिका अविश्वसनीय थियो। उनीहरूले २०४७ र २०६२/६३ को राजनीतिक घडीमा बहुदलीय लोकतन्त्र र नेपाली जनताको हितका लागि सधैं उपस्थिति देखाए । हालसम्म उनीहरूको देशका शीर्ष राजनीतिक नेताहरुसँग न्यानो सम्बन्ध रहेको छ । तर उनीहरूले खेलेको भूमिकाबाट हरिवंश सन्तुष्ट छैनन् । नेताहरूको लोभी स्वभावसँग उनको ठूलो असन्तुष्टि छ। राष्ट्रका लागि आफ्नो व्यक्तिगत स्वार्थलाई दबाउन सक्ने क्षमता भएको दूरदर्शी नेताहरू बीपी कोइराला, मदन भण्डारी र कृष्णप्रसाद भट्टराई हुन् भन्ने कुरा उनले पटक-पटक दोहोर्‍याएका छन् ।

उनको पुस्तक आफ्नो प्रिय जीवनसाथी मीराको असामयिक मृत्युको दु:खद कथाले भरिएको छ, जसलाई उनले धेरै माया गर्थे । मीरा पेशाले कार्यक्रम प्रस्तोता थिइन् । २६ वर्ष लामो वैवाहिक जीवनमा बाँधिएका उनीहरू मीराको निधनका कारण छुट्टिन बाध्य भएका थिए । यस घटनाले हरिवंशको दिमागमा ठूलो कालो धब्बा

बनायो, जसले उनलाई सूक्ष्म, कमजोर, घेरिएको र अवसादको बाटोमा ल्यायो । त्यसैले छोराहरू, सहकर्मी मदन कृष्ण र आफन्तहरूको बहुमूल्य सुझावले उनी विवाह गर्ने निर्णयमा पुगे र उनले रमिला नामकी एकल महिलासँग विवाह गरे।

***निष्कर्ष***

यो पुस्तक हास्य कलाकार र उनकी श्रीमतीको कथा मात्र होइन, असल बुबा, असल श्रीमान, असल अभिनेता र असल देशभक्त छोराको हृदयस्पर्शी कथा हो । उनको जीवनका धेरै घटनाहरू र कथाको प्रस्तुतीकरणको राम्रो संयोजन छ जुन वास्तवमै सबैको मन छुन्छ। उनको जीवनका अध्यायहरूबाट हामीले धेरै कुरा सिक्न सक्छौँ। हामी यस पुस्तकबाट मानव जीवनका विविध आरोहअवरोह बारे धेरै जीवनोपयोगी ज्ञान प्राप्त गर्न सक्छौँ। उनको जीवनका घटना र प्रस्तुतिलाई यसरी जोडिएको छ कि यसले सबैको मन छुन्छ ।

त्यसैले मैले पढेको सबैभन्दा सुन्दर पुस्तक 'चिना हराएको मान्छे' म सबैलाई यो पुस्तक एकपटक पढ्न हार्दिक अनुरोध गर्दछु । आशा छ हजुरहरूले पढ्नु हुनेछ । धन्यवाद ।

---

# लागु औषध

अमृता थापा - ८ 'पारिजात'

---

लागु औषध भनेको हाम्रो सोच्ने क्षमतालाई नियन्त्रण गरेर हाम्रो शरीरलाई हानि पुर्याउने पदार्थ हो। आजको समयमा यो एकदम ठूलो समस्या बनेको छ । धेरै जसो युवाहरूले लागु औषधको प्रयोग गरी आफ्नो र देशको भविष्य बिगारेको पाइन्छ।

**लागु औषध प्रयोग गर्नुका मुख्य कारणहरू:**

- मानसिक तनाब,
- नाइँ भन्ने क्षमताको कमी,
- साथीहरूको दबाब,
- पढाइमा ध्यान बढाउने भ्रम,
- पढाइमा कमजोरी,
- अरुको नक्कल गर्ने कोसिस,
- अनुभव गर्ने इच्छा,
- आर्थिक समस्या,
- घरेलु तनाब, आदि ।

यी बाहेक अरू पनि धेरै कारणले लागु औषधप्रति आकर्षित भएको पाइन्छ।

**लागु औषध प्रयोग गर्नाले हुने असरहरू:**

शारीरिक असर: लागु औषधले हाम्रो शारीरिक स्वास्थ्यलाई निकै हानि पुर्याउँछ। भोक नलाग्ने, आँखा रातो हुने, जस्ता समस्या हुन्छ। यसले हामीलाई हृदय रोग, क्यान्सर,एचआईभी एड्स, हेपाटाइटिस, जस्ता रोगहरूबाट सङ्क्रमण हुने जोखिममा पार्दछ। लामो समयसम्म लागु औषधको प्रयोगले हाम्रो मृत्यु पनि हुन सक्छ।



*तस्विर: kashmirreader.com*

मानसिक असरः लागु औषध प्रयोग गर्ने व्यक्तिको मानसिक स्वाथ्यमा पनि असर पर्दछ। यसले हाम्रो रचनात्मक तथा उत्पादक क्षमता कम गर्छ। यसले हाम्रो सही र गलत छुट्याउन सक्ने क्षमता पनि खोस्छ जसले हामीलाई चोरी, लुटपाट जस्ता गैरकानूनी गतिविधिमा डोर्याउन सक्छ।
पारिवारिक असरः एकजनाले लागूऔषध सेवन गर्दा सम्पूर्ण परिवारमा असर पर्छ। यसले दिनहुँ हुने झगडाका कारण परिवारका सदस्यहरूबीचको सम्बन्धमा दरार सिर्जना गर्छ। लागु औषध सेवनका लागि घरकै पैसा चोरी गर्नाले परिवारमा आर्थिक समस्या पनि देखा पर्दछ।

सामाजिक असरः लागु औषधको प्रयोगले हाम्रो सामाजिक जीवनलाई निकै निम्न स्तरको बनाउँदछ । यसले समाजमा भएको हाम्रो इज्जतमा ठुलो दाग लगाउँछ।

**लागु औषध प्रयोगकर्ताका लक्षणहरू:**

लागु औषध प्रयोग गर्ने व्यक्तिमा विभिन्न लक्षणहरू देखा पर्दछन्। ती मध्ये केही हुन्;

- बिना कारण झगडा गर्न खोज्नु,
- आवश्यकता भन्दा बढी पैसा माग्नु,
- पुरानो साथीहरूबाट टाढिनु,
- कुपोषण भएझैं कमजोर देखिनु,
- एक्लोपन रूचाउनु,
- निलडाम र चोट पटक देखिनु,
- कपडाबाट गन्ध आउनु, आदि।

यस्ता लक्षणहरू देखिएमा उक्त व्यक्तिलाई सहयोग गर्ने प्रयास गर्नु पर्दछ।

**लागु औषधको प्रयोगलाई नियन्त्रण गर्ने उपायहरू:**
जब मानिसहरू लागु पदार्थको लतमा हुन्छन् तब उनीहरू आफूलाई नियन्त्रण गर्न सक्दैनन् । यसले निम्त्याउने हानिहरू थाहा पाउँदा पनि यसको प्रयोग जारी राख्छन्। त्यसैले हामीले लत लाग्नु अघि यसबाट बच्नुपर्छ। नियन्त्रण गर्ने केही उपायहरू :

- ❖ खराब आचरण भएका साथीहरूलाई नकार्ने क्षमता बढाउने,
- ❖ लागु औषधबारे जनचेतना फैलाउने,
- ❖ लागु औषध प्रयोगकर्तालाई सुधार केन्द्र लैजाने,
- ❖ लागु औषध प्रयोगकर्तालाई गाली नगर्ने,
- ❖ लागु औषध प्रयोगकर्ताहरूलाई विभिन्न क्रियाकलापमा संलग्न गराउने, आदि ।

## बाह्रौँ राष्ट्रिय जनगणना २०७८

**भूमिका खतिवडा - ८ 'भृकुटी'**

केन्द्रीय तथ्याङ्क विभागले हरेक दश वर्षमा गरिने राष्ट्रिय जनगणना विक्रम संवत् १९६८ देखि सञ्चालन गर्दै आएको छ। नेपालको पहिलो जनसंख्या ५६,३८,७४९ थियो। त्यसैगरी २०७८ सालको जनगणना नेपालको बाह्रौँ राष्ट्रिय जनगणना हो । २०७८ जेठ २५ देखि असार ८ सम्म हुने गरी तय गरिएको यो जनगणना कोरोना भाइरस प्रकोपको कारण स्थगित गरी वि.सं. २०७८ कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म आयोजना गरिएको थियो । यस जनगणनाको मुख्य नारा 'मेरो गणना मेरो सहभागिता' थियो।




*तस्विर:* ***nepalnews.com.np***

जनगणना सञ्चालन गर्नका लागि देशभरिका ७ वटै प्रदेश र ७७ वटै जिल्लामा जनगणना कार्यालय स्थापना गरिएको थियो। यस जनगणनामा ३९ हजार गणक तथा आठ हजार सुपरिवेक्षकले अनुमानित ७० लाख परिवार तथा तीन करोड जनसङ्ख्याको गणना १५ दिनको कार्य अवधिमा सम्पन्न गरेका थिए। तथ्याङ्क विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठले नेपालको नक्सामा समेटिएको भूगोल लिपुलेक, लिम्पियाधुरा र कालापानीमा भारत सरकारले सहज रूपमा आवतजावत गर्न दिएमा भौतिक रूपमा उपस्थित भएर जनगणना गरिने र त्यसरी आवतजावत गर्न नदिएमा अन्य स्रोतको प्रयोग गरेर जनगणना गरी सो क्षेत्रको अनुमानित विवरण प्रकाशन गरिने बताएका थिए ।

राष्ट्रिय जनगणनाबाट प्राप्त हुने नतिजाबाट मुलुकको कुल जनसङ्ख्या महिला, पुरुष, बालबालिका,वृद्धवृद्ध, शारीरिक र मानसिक रूपमा फरक-फरक क्षमता भएका, वडा, गाउँपालिका, नगरपालिका क्षेत्र र जिल्लागत रूपमा जनसङ्ख्या विवरण पाइन्छ। यस बाह्रौँ जनगणनाको कुल जनसंख्या २,९१,९२,४८० रहेको छ भने बाह्रौँ जनगणनाको वार्षिक जनसङ्ख्या वृद्धि दर ०.९३ रहेको छ।

## शान्ति के हो?

**अथर्व पाल - १० 'ताजमहल'**

*"संसारमा मूल्यवान रहेको एक मात्र युद्ध हो शान्ति प्राप्तिको युद्ध" - एल्बर्ट क्यामस*




*तस्विर:* ***Internationaldayofpeace.org***

'शान्ति' शब्दको विस्मयकारी गुञ्जनले दिनानुदिन हाम्रा कान आनन्दित हुन्छन्। भाषाको विकाससँगै सो शब्दको उदय भएपनि यसको अस्तित्व भने जीवनको सुरुवात देखि कायम छ। सोही शान्तिको पर्खाइमा रोमन, ग्रीक, मुगल जस्ता साम्राज्य धुलोमाटो भए र जीवनकालभरि शान्ति-रुपी पानी अप्राप्य भएर धेरै तिर्खामा जीवन व्यथित गरे। यही हो शान्तिको माया; शब्द सानो तर महत्त्व असीम।

समयको कालचक्रले प्रविधिको नवयुगमा ल्याइपुर्याउदा शान्तिको महत्त्वलाई मानव, प्राणी सबैको चेतनाले बुझेको

छ; हरेकको हृदयको चाहना, मनको भावना, र मुटुको कामना बनेको छ। यही बुझ्ने र बुझाउने सिलसिलामा ‘शान्ति के हो?’ भन्ने प्रश्न उजागर हुन्छ। तीन शब्दको यो प्रश्न जति सरल छ, यसको उत्तर उत्तिनै जटिल छ। तसर्थ, समाजमा कलह र विकृतिको अनुपस्थिति मात्र शान्ति होइन। शान्तिको परिभाषा समाजको लगभग हरेक पक्षसँग सम्बन्धित छ। हो, काम, क्रोध, लोभ, मोह, र भेदभाव शान्ति प्राप्तिमा बाधक हुन् तर स्वयम् शान्तिले नै आफ्नो खण्डन गरेको उदाहरण धेरै छन्। शान्तिको आगमनले युद्ध, झगडा, लडाइँको नाश हुने तर्कमा दुई मत नहुने भएतापनि यसैको सुरक्षाका लागि गनेरै नसकिने जति युद्ध भए र शान्तिकै अन्त्यका रुपमा परिणाम निस्कियो। यस परिस्थितिलाई भागवत गीतामा पनि प्रस्तुत गरिएको छ, “तिम्रा चाहना नै तिम्रो दुखको कारण हो।” प्रेमको आधार नै शान्ति भए पनि कहिलेकाहीँ यसले द्वेष उत्पन्न गर्छ। हिमाल जस्तो दृढ भएपनि यसको जगमा सदैव भूकम्पका झट्का परिरहन्छन्। मानिस जब -जब तुच्छ महत्वाकाङ्क्षा-पूर्तिका क्रममा विजयको उन्मादमा विलीन हुँदै जान्छ; तब-तब शान्तिको जग खोक्रो हुँदै जान्छ। धृतराष्ट्रको महत्वाकाङ्क्षा र दुर्योधनको अहमले महाभारतको युद्ध मच्चिएको तथा धर्मस्थापनाकै लागि पाण्डव पनि रक्तपातमा संलग्न हुनु परेको पौराणिक इतिहास छ। एकले अर्कोको भावना कदर नगर्दा, ईर्ष्या डाहाको बीजारोपणबाट शान्ति घाइते हुन्छिन्। अर्थात, जुन मनुष्यले अत्याधिक रुपमा शान्ति-स्थापनाको चाहना गर्छ, त्यो नै उसको चाहनाको सबैभन्दा प्रबल चुनौती हो।




*तस्विर: thegeopolitics.com*

शान्ति जीवनको लक्ष्य होइन, जीवनको आधारभूत आवश्यकता हो। अहिलेको पिँढीले हिटलर, गेङ्गिस खान, अलाउद्दीन खिल्जी जस्ता शान्तिका कट्टर विरोधीको सामना गर्नु परेको छैन। त्यसैकारण हाम्रो पिँढीले चन्द्रमामा पाइला चालिसक्यो। शान्ति थियो र त मानव सभ्यताको उचाइ गगनसम्म पुगिसक्यो, नत्र हाम्रो स्तर होचिदै जानेथियो । यसै सन्दर्भमा एल्बेर्ट आइन्स्टाइनको भनाइ पनि रहेको छ: “तेश्रो विश्व युद्धमा कस्तो हतियारको प्रयोग हुन्छ भन्ने म अनुमान लगाउन सक्दिन तर त्यसपछिको युद्ध चाहिँ हामी अवस्य पनि ढुङ्गाले लड्छौँ ।” अर्थात अब कुनै महायुद्धको वातावरण सृजना भएको खण्डमा मानव सभ्यताको हालसम्मका सम्पूर्ण उपलब्धि नाश हुन गई शून्यतुल्य बन्न जानेछ । हामीले युद्ध नभई शान्तितर्फ आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ ।

अत: शान्तिको अस्तित्व नै मानवताको अस्तित्व हो। यदि हामीले यसको रक्षा गर्‍यौँ भने हामी रहौँला तर यसको विपरीत दिशातर्फ मानवताको भविष्य अँध्यारो नै देखिन्छ।

## सङ्गीत

सिम्रन दाहाल - ९ ‘जनक’



*तस्विर: dreamstime.com*

सङ्गीत एक रमाइलो आवाज हुनुको साथसाथै धुन र सद्भावको संयोजन पनि हो र यसले तपाईंलाई शान्त बनाउने काम गर्दछ। व्यक्तिलाई भावनात्मक र मानसिक रूपमा निको पार्ने उत्कृष्ट गुणहरू बोकेको सङ्गीतलाई विभिन्न वाद्ययन्त्रहरूको सहायताले रमाइलो ध्वनि रचना गर्ने कला भनी बुझाउन सकिन्छ। सङ्गीतमा सरगम, राग, ताल इत्यादि समावेश हुन्छन्। मौनतामा समेत सङ्गीतको रस मिसिएको हुन्छ।

सङ्गीत ध्यानको एक रूप हो। सङ्गीत रचना गर्दा वा सुन्दा मानिसले आफ्ना सबै चिन्ता, पीडा र तनावहरू बिर्सन्छ। राम्रो सङ्गीतको प्रशंसा गर्नका निम्ति हामीले हाम्रो सङ्गीतको स्वाद लिन आवश्यक छ। द्वापरयुगमा भगवान् कृष्णको बाँसुरीबाट बज्ने सङ्गीतमा गोपिनीहरू मन्त्रमुग्ध हुने गरेको उल्लेख पाइन्छ। साथै, सङ्गीत सुन्ने बिरुवाहरू अरू बिरुवाको तुलनामा छिटो बढ्ने कुरा अनुसन्धानले प्रमाणित गरेको छ ।

लय भएका सबै कुरामा सङ्गीत हुन्छ। गुनगुनाउनेदेखि लिएर हाम्रो श्वासप्रश्वासमा समेत लय हुन्छ । यसरी, हामी भन्न सक्छौं कि हरेक मानिस वा जीवित प्राणीलाई सङ्गीत मन पर्छ। सङ्गीतमा मानिसका सबै प्रकारका भावनाहरू पुऱ्याउने क्षमता हुन्छ।

# साहित्यकार झमक कुमारी घिमिरे

असिन लम्साल - ८ 'भृकुटी'



*तस्विर: wikipedia.org*

झमककुमारी घिमिरेको जन्म वि.स. २०३७ असार १ गतेका दिन धनकुटा जिल्लाको कचिडे भन्ने गाउँमा भएको थियो। उनी माता आशादेवी घिमिरे र पिता श्रीकृष्ण बहादुर घिमिरेकी जेठी छोरी हुन्। उनलाई सानैमा मस्तिष्कीय पक्षघात भन्ने गम्भीर रोग लाग्यो। लुला हात गोडा र विकलाङ्ग शरीर लिएर गरिब परिवारमा जन्मेकी झमकलाई जन्मिने वित्तिकै स्वजनले 'मुर्कुट्टा' सम्म भनेका थिए रे । दसैंमा टीका लाएर उनलाई 'चाँडै मरेस्' भन्ने आसिक पनि दिइएको थियो रे । सिक्न खोज्दा 'तैले सिकेर के गर्छेस् ?'पनि भनेका थिए रे । गोडाको बुढी औँलाले छर्छरी रगत निकाल्दै भुईंमा कपुरी क लेख्दा भुईं भत्काई भनेर गाली पनि गरेका थिए रे । उनले कुनै पाठशाला जान र गुरुबाट सिक्न पाइनन्। गोलले लेख्दा 'ऋण लाग्छ' भनेर पनि गाली खाइन्। उनका हात गोडा चल्दैनन् | उनी उभिन, हिँड्न, बोल्न सक्दिनन् तर सुन्न र बुझ्न चाहीँ सक्छिन्। खुट्टाको तीन औँला मात्र चल्ने उनले तिनै तीन औँलाको सहयोगले धेरै रचना प्रकाशित गरिसकेकी छिन्। औपचारिक शिक्षा पाउन असमर्थ घिमिरेले, घरमा भाइ र बहिनीले पढेकोलेखेको देखेर र सुनेर आफ्नो क्षमता विकास गरेकी हुन् | शारीरिक असक्तता भए पनि उनमा अद्‌भुत प्रतिभा थियो। उनले आँखा हेरेर अक्षरको आकृति आफ्नो दिमागमा राखिन्, धुलोमा टाउको घुमाउँदै फुकेर 'क' लेखिन् र रातभर घाँसमा परेको शीत बिहान कचौरामा बटुलेर त्यसमा गोडाको बुढी औँला चोपी ढुङ्गामा लेखिन्। यसपछि उनी गोडाका बुढी औँला र चोर औँलाले च्यापेर कापीमा अक्षर लेख्न थालिन्। उनी आफूले लेखेका कुराहरू अरुलाई देखाउन सफल भइन्।

यसरी आफैँ शिक्षक र आफैँ विद्यार्थी भई अक्षर चिन्ने र लेख्ने काममा उनी सफल भइन्। उनले कारुण सङ्कल्प, मान्छेभित्रको योद्धा, अवसानपछिको आगमन, अन्डर द आई अफ द क्लक जस्ता कृतिहरू लेखेकी छिन्। उनको कृतिहरूमध्ये सबैभन्दा प्रसिद्ध कृति 'जीवन काँडा कि फूल' हो। यो आत्मपरक निबन्ध हो। उनले धेरै कविताहरू लेखेकी छिन्। तीमध्ये सङ्कल्प,आफ्नै चिता अग्नि शिखातिर, झमक घिमिरेका कविताहरू आदि हुन्। झमक कुमारी घिमिरेले धेरै पुरस्कार जितेकी र रथारोहणसहित नगर परिक्रमा गरेकी छिन्। उनले पाएका केही पुरस्कारहरू मदन पुरस्कार, अपाङ्ग प्रतिभा पुरस्कार, धनकुटा प्रतिभा पुरस्कार, आदि हुन् ।कान्तिपुर र ब्लास्ट टाइम्स पत्रिकामा उनका नियमित स्तम्भहरू पनि छापिन्छन्।उनले सङ्घर्ष, साहस, धैर्य र साधनाका बलले जीवनलाई काँडाका बिचमा फुलाएकी छिन्। उनी नेपालकी राष्ट्रिय गौरव हुन् ।




*तस्विर: archive.nepalitimes.com*